# स्थानीय राजपत्र

छत्रकोट गाउँपालिका, गुल्मीद्वारा प्रकाशित

**खण्डः ५) छत्रकोट गाउँपालिका, मितिः २०७८/०२/२४ (संख्याः १**

## भाग–२

### छत्रकोट गाउँपालिका, गुल्मी

### २०७८ सालको कार्यविधि नं. १

### कार्यविधिको नाम : छत्रकोट गाउँपालिकाको पाईप वितरण कार्यविधि, २०७८

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति: २०७८/०२/२१

छत्रकोट गाउँपालिका भित्र रहेका खानेपानी पाईप स्थानीय जनता,संघ संस्थालाई आवश्यकता, औचित्यता तथा प्रभावकारीताको आधारमा वितरण गर्न बान्छनीय देखिएकाले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी छत्रकोट गाँउपालिकाने यो कार्यविधि बनाएको छ।

१. **सक्षिंत नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम पाईप वितरण कार्यविधि, २०७८ रहेको छ।

ख) यो कार्यविधि छत्रकोट गाउँपालिका गाउँकार्यपालिबाट स्वीकृत भएपछि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) गाउँपालिका भन्नाले छत्रकोट गाउँपालिका सम्झनु पर्दछ ।

ख) कार्यालय भन्नाले छत्रकोट गाउँपालिका गाउँकार्यपालिकाको कार्यलय सम्झनु पर्दछ ।

ग) वडा भन्नाले छत्रकोट गाउँपालिका अन्र्तगत सबै वडाहरु सम्झनु पर्दछ ।

घ) प्राविधिक भन्नाले कार्यलयमा कार्यरत प्राविधिक शाखावाट खटाईएको सम्वन्धित प्राविधिक सम्झनु पर्दछ ।

ङ) उपभोक्ता समिति भन्नाले पाईप खरिद गर्न बनाईएको उपभोक्ता समिति सम्झनु पर्दछ ।

च) ईस्टिमेट भन्नाले प्राविधिकले नापजाँच गरी तयार गरेको लागत अनुमात सम्झनु पर्दछ ।

छ) सप्लायर्स भन्नाले गाउँपालिकाको पाईप सप्लाई गर्न तोकेको सप्लायर्स सम्झनु पर्दछ ।

३. वडा कार्यलयहरुले वडा समितिको बैठकबाट निणर्य भई सो वडामा पाईप चाहिने व्यत्ति, संघ संस्थाको पहिचान गरी

आवश्यकता, औचित्यता, मितव्ययीता र प्रभावकारीताको आधारमा वितरण गर्नु पर्नेछ।

४. गाउँपालिकाको कार्यलय तथा मातहतका वडा कार्यलयहरुले पाईप वितरणमा देहायका आधाहरुलाई प्राथमिकता दिनु पर्नेछ।

क) विपन्न, दलित, अपाङ्गता भएका व्यक्ति तथा परिवार, सुकुम्बासी परिवार तथा पिछडिएका वर्गलाई प्राथमिकता दिईनेछ।

ख) दैविक प्रकोप तथा विपद बाट प्रभावित व्यक्ति तथा संघ सस्थाहरुलाई पुःन निर्माणको लागि।

ग) निर्माणधिन संघ सस्थालाई बजेट अपुग भई पाईपको आवश्यता भएमा।

५. गाउँपालिका वा वडा कार्यालयबाट दोहोरो सुविधा प्राप्त हुने गरी पाईप उपलब्ध गराईने छैन। गाउँपालिकाको आकस्मित कोष र विपद व्यवस्थापन कोषबाट आर्थिक सहायता पाउने व्यक्ति, संस्था वा विद्यालयलाई यस कार्यविधि बमोजिम सुविधा उपलब्ध गराईने छैन। कार्यलयबाट उपलब्ध खानेपानी पाईप दुरुपयोग गर्ने, घरमा लुकाएर राख्ने तथा बेचबिखन गर्ने वा उक्त काम गर्न प्रोत्साहन गर्ने व्यक्तिलाई कानुन बमोजिम कारबाही गरिनुका साथै गाँउपालिकाबाट प्रदान गरीने कुनै सेवा सुविधा उपलब्ध गराईने छैन।

६. खानेपानी पाईप आवश्यक हुने नागरिक, संघ संस्थाहरुले गाउँपालिकामा पेश गर्नुपर्ने कागजातहरु :

क. निवेदन

ख. व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी

ग. संस्थाको हकमा कार्यसमितिको निर्णय, दर्ता प्रमाण पत्र, नविकरण, करचुक्ता प्रमाण पत्र विद्यालयको हकमा विद्यालय व्यवस्थापन समितिको निर्णय

अधुरा योजनाको हकमा सम्बन्धित वडा कार्यलयको प्रमाणीत कागजात

घ. वडा कार्यलयको सिफारिस पत्र, प्राविधिक ईस्टिमेट,

ङ. दैवी विपत्ती भएको अवस्थामा तयार गरीएको क्षति विवरणको मुचुल्का

च. कार्यविधिको बुँदा ४ (क) प्रमाणीत हुने अन्य कागजातहरु।

प्रमाणिकरण मितिः २०७८।०२।२४

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत